अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७५।११।३० गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला मकवानपुर कारागार कार्यालय, भीमफेदीका जेलर शाखा अधिकृत मदन अधिकारीले कारागार कार्यालय, भिमफेदीमा कैदी जीवन बिताईरहेका लागुऔषध मुद्दाका कैदीसँग रकम माग गरी रकम नदिएमा अन्यत्र कारागारमा सरूवा गरिदिने भनि डर धाकधम्कि देखाई घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटिई गएको टोलीले निज जेलर शाखा अधिकृत मदन अधिकारीलाई रु.७५,०००।-(पचहत्तर हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निज शाखा अधिकृत मदन अधिकारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको सप्रमाण पुष्टि हुन आएकोले निजलाई बिगो रु.७५,०००।-(पचहत्तर हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(मदन कोइराला)
उप-सचिव एवं सहायक प्रवक्ता